AUSCO

# अष्ट्रेलियन सांस्कृतिक अभिमुखीकरण कार्यक्रम

# अष्ट्रेलियन कानून

सजिलोसँग पढ्ने



अष्ट्रेलिया एक बहुसांस्कृतिक समाज हो ।



यसको अर्थ अष्ट्रेलियामा बस्ने मानिसहरूको बिभिन्न:

- संस्कृतिहरू हुन्छ
- धर्म हुन्छ



अष्ट्रेलियामा तपाईसँग आफ्नै तरिकाले बाच्ने अधिकार छ:

- संस्कृति हुन्छ
- आफ्नै विश्वासहरू हुन्छ



अष्ट्रेलियनहरू सामान्य छन्:

- मान्यताहरु – ती कुराहरू जसमा सबै अष्ट्रेलियनहरूले विश्वास गर्छन्



- सिद्धान्तहरू – कसरी अष्ट्रेलियनहरूले सोच्छन् कि मान्छेहरूले कार्य र व्यवहार गर्नुपर्दछ




तिनीहरू एउटै नियमद्वारा बाँच्छन्।



सबैले अष्ट्रेलियाको जीवनशैलीको समर्थन गर्न जे गर्न सक्छ गर्नु पर्छ।



अष्ट्रेलियाका मानिसहरूले बाड्ने मान्यताहरु यस्ता छन्:

- वाक् स्वतन्त्रता – तपाईं जे सोच्नुहुन्छ, महसुस वा विश्वास गर्न सक्नुहुन्छ तपाईंले भन्न सक्नुहुन्छ



- सम्बन्धको स्वतन्त्रता – तपाईं आफ्नो समय को सँग बिताउनु हुन्छ रोजन सक्नुहुनेछ



- जमघट हुने स्वतन्त्रता – मान्छे आफ्नै कारणको लागि एकसाथ भेट्न जमघट हुन सक्दछ



- धर्मको स्वतन्त्रता



- आवतजावतको स्वतन्त्रता – तपाईं अष्ट्रेलिया भित्र जहाँसुकै आउन जान सक्नुहुन्छ



- व्यक्तिको स्वतन्त्रता र प्रतिष्ठाको सम्मान – मानिसहरूसँग स्वतन्त्र र स्वाभलम्वि रहने अधिकार छ



- कानूनको शासनको लागि प्रतिबद्धता – कानूनको पालना गर्छ



- संसदीय लोकतान्त्रिक – मानिसहरूले उनीहरूले चाहने सरकारको लागि मतदान गर्छन्



- सबै व्यक्तिहरूको लागि समान अवसर, बिना भेदबाद
  - लिङ्ग
  - तपाईं आउनुभएको देश
  - धर्म
  - जातीय पृष्ठभूमि



- सांस्कृतिक विविधताको स्वीकार – सबै संस्कृतिका व्यक्तिहरू स्वीकार्य छन्



- समानताको भावना अंगाल्ने
  - पारस्परिक सम्मान – आफुलाई व्यवहार गरे झै एकअर्कालाई गर्दछ
  - स्वस्थ खेल
  - खाँचोमा परेकाहरूका लागि दया – हेरचाह गर्ने र अरुलाई सहयोग गर्न

# सरकारी कर्मचारीहरूसित गर्ने व्यवहार



जब तपाईं अष्ट्रेलियामा आइपुग्दा तपाईं विभिन्न सरकारी सेवाहरूको लागि काम गर्ने मानिसहरूसँग व्यवहार गर्नुहुनेछ।




जो सरकारी सेवाको लागी काम गर्छ उनीहरू आफ्नो काम गर्दा कडा नियमहरुको पालन गर्छन।




उनीहरूलाई हुन आवश्यक छ:

- निष्पक्ष
- पेशेवर



सरकारी सेवाको लागि काम गर्ने व्यक्तिहरूलाई अझ राम्रो सेवा पाउन पैसा वा उपहारहरू प्रदान गर्नु कानूनको विरुद्ध हो।

# अष्ट्रेलियन प्रहरी



अष्ट्रेलियामा प्रहरीले सरकारको लागि काम गर्दछ।




तिनीहरूको काम हो:

- शान्ति राख्नु




- समुदायमा सुरक्षाको बढावा दिनु



- अपराध हुनबाट रोक्नु




- अपराध भएपछि के गर्ने पत्ता लगाउनु



- मानिसहरूको जीवनको रक्षा गर्नु



- मान्छेले कानून पालना गरेको सुनिश्चित गर्नु



अष्ट्रेलियन फेडरल पुलिस (Australian Federal Police) राष्ट्रिय प्रहरी हो।



प्रत्येक राज्य र प्रान्तको आफ्नै प्रहरी बल छ।



अष्ट्रेलियामा प्रहरी सैन्य वा रक्षा सेनाको भाग होइन।



तपाईं अष्ट्रेलियामा प्रहरीबाट डराउनु पर्दैन।



तपाईंले:

- पुलिसको सम्मान गर्नु पर्छ



- उनीहरूले तपाईंलाई भन्नु भएको कुरा सुन्नु पर्छ



- तिनीहरू जे भन्छन् गर्नुपर्छ

# अष्ट्रेलियन कानून



अष्ट्रेलियाका कानूनहरू यिनीहरुका लागि हुन्:

- नागरिकहरू – अष्ट्रेलिया तिनीहरूको घर हो
- निवासीहरू – अष्ट्रेलियामा बस्ने व्यक्तिहरू तर अष्ट्रेलियन नागरिक होइनन्



अष्ट्रेलियामा न्याय प्रणाली सरकारबाट अलग छ।



अष्ट्रेलियन कानूनहरूले तपाईं र तपाईंको परिवारलाई सुरक्षित राख्न मद्दत गर्दछ।




तपाईं र तपाईंको परिवारले कानून कसरी लागू हुन्छ बुझ्न आवश्यक छ।




केही आधारभूत कानूनहरू बुझ्दा तपाईंलाई अष्ट्रेलियामा तपाईंको नयाँ जीवन व्यवस्थित गर्न मद्दत गर्नेछ।




यदि तपाईंसँग अष्ट्रेलियाको कानून बारेमा कुनै प्रश्नहरू छन् भने तपाईंको केसवर्कर वा प्रस्तावकलाई सोध्नुहोस्।

# कानून र समानता




अष्ट्रेलियामा सबै मानिसहरू कानूनको नजरमा बराबर छन्।



सबै अष्ट्रेलियनहरूको अधिकार छ:

- सम्मानित हुने



- ब्यवहार गरिने
    - न्यायीक
    - बराबरी



तपाईंलाई निम्न कारणले फरक व्यवहार गर्न सकिँदैन:

- लिङ्ग



- बर्ण वा जाती



- तपाईं आएको देश



- उमेर




- वैबाहिक स्थिति



- गर्भावस्था




- राजनीतिक धारणा



- धार्मिक विश्वासहरू



- अपाङ्गता वा असक्तता



- यौनिक रोजाइ



यो निम्न ठाउँमा लागू हुन्छ:

- रोजगारी – काम र रोजगार



- शिक्षा



- आवास – आवास र बस्ने स्थानहरू



- धर्म



- सामान किन्दा




- डाक्टरहरू, बैंकहरू र होटलहरू जस्ता सेवाहरू प्रयोग गर्दा



- संघीय वा राज्य प्रहरी अधिकारीहरूले पक्राउ गर्दा

## धर्म र कानून



अष्ट्रेलियाको आधिकारिक वा राज्य धर्म छैन।



अष्ट्रेलियनहरुले आफुले छनौट गरेको कुनै पनि धर्म पालना गर्न स्वतन्त्र छन्।


यसमा समावेश केही धर्महरू यस्ता छन्:



- ईसाई धर्म



- बौद्ध धर्म



- इस्लाम



- यहूदावाद



- हिन्दू धर्म



तपाईंले कानून नतोडिकन आफ्नो धार्मिक परम्परा वा अनुष्ठान अभ्यास गर्न सक्नुहुन्छ।

धार्मिक कानूनहरूलाई अष्ट्रेलियाको कानुनी मान्यता प्राप्त छैन।


तिनीहरूको कुनै कानुनी हैसियत छैन।

# हिंसा र कानून



निम्न ब्यक्तिहरू माथि हिंसात्मक हुनु कानूनको विरुद्ध हो:

- पुरुष




- महिला



- बच्चाहरु



- परिवारका सदस्यहरु




यसलाई आक्रमण भनिन्छ।

आक्रमण एक अपराध हो।



यदि तपाईं कसैलाई आक्रमण गर्नुहुन्छ भने तपाईं दण्डित हुन सक्नुहुन्छ।

# घरेलु र पारिवारिक हिंसा




घरेलू वा पारिवारिक हिंसा हुन्छ जब हिंसा हुन्छ:

- परिवारको सदस्यहरू बीच



- जो विवाहित छन् वा घनिष्ठ सम्बन्धमा रहेकाहरू बीच




अष्ट्रेलिया सरकारले घरेलू वा परिवार हिंसालाई अनुमति दिँदैन।




तपाईं पुरुष होस् या महिला, घरेलू र पारिवारिक हिंसा अपराध हुन्।

तिनीहरू कानूनको विरुद्धमा छन्।



तपाईं घरेलू वा पारिवारिक हिंसाको कारण जेल जान सक्नुहुन्छ।



घरेलू र पारिवारिक हिंसा यिन लाई हुन सक्छ:

- पार्टनर



- बच्चाहरु



- सम्पत्ति



यसमा समावेश हुन सक्छ:

- घम्काउने
- कसैलाई नियन्त्रण गर्न प्रयास गर्ने
- कसैलाई डर देखाउने



- कसैको सुरक्षा र भलाई जोखिममा राख्ने



- कसैलाई चाहिने पैसा नदिने



- वा कसैको बारेमा खराब कुराहरु भन्ने



- कसैलाई आफ्नो साथी वा परिवारबाट टाढा राख्ने



- शारीरिक रूपमा चोट पुर्याउने



तपाईं समस्यामा हुनुहुन्छ भने तपाईंलाई मद्दत गर्न अष्ट्रेलियामा सेवाहरू छन्।



तिनीहरू बुझ्दछन् कि तपाईंको संस्कृतिमा कस्ता कुराहरू हुन सक्छ।



तपाईं 1800RESPECT वेबसाइटमा थप जानकारी पाउन सक्नुहुन्छ।
www.1800respect.org.au

# यौन आक्रमण



यो यौन आक्रमण हो:

- यौन सम्बन्धमा अर्को व्यक्तिलाई चोट पुर्याउनु
- कसैलाई गर्न नचाहँने यौन क्रियाकलाप गराउनु



यौन आक्रमणमा यस्ता कुराहरू समावेश हुन सक्छ:


- बलात्कार – कसैसँग जबरजस्ती यौन सम्बन्ध राख्ने
- कसैलाई जबरजस्ती गर्न नचाहँने यौन क्रियाकलाप गराउनु
- कसैलाई जबरजस्ती अस्लिल फिल्म (पोर्नोग्राफी) हेर्न लगाउने वा त्यसमा भाग लिन लगाउने
- बच्चाहरूलाई जबरजस्ती यौन क्रियाकलापमा भाग लिन लगाउने




यौन आक्रमण कानून विरुद्ध हो।



यदि यो पतिपत्नी वा पार्टनर बीच भएको हो भने पनि अझै कानून विरुद्ध छ।



यदि तपाईं यौन आक्रमण गर्नुहुन्छ भने तपाईं जेल जान सक्नुहुन्छ।



अष्ट्रेलियामा मद्दत गर्ने सेवाहरू छन्।

तिनीहरू तपाईंको संस्कृतिमा संवेदनशील छन्।



तपाईं 1800Respect वेबसाइटमा थप जानकारी पाउन सक्नुहुन्छ। [www.1800respect.org.au](http://www.1800respect.org.au)

## बाल दुर्व्यबहार र कानून





अष्ट्रेलियाको कानूनले बच्चाहरूलाई निम्न कुराहरूबाट सुरक्षा गर्दछ:

- हिंसा
- दुर्व्यवहार




यसमा समावेश छ:

- शारीरिक दुर्व्यवहार
- मानसिक वा भावनात्मक दुर्व्यवहार
- यौन दुर्व्यवहार




यो सबै अष्ट्रेलियामा गम्भीर अपराधहरू हुन्।



यदि बच्चालाई दुर्व्यवहार गरिन्छ भने बच्चालाई उनीहरूको परिवारबाट अलग गराउन सकिन्छ।



सरकारले उनीहरूलाई एक स्थानमा लैजान्छ जहाँ तिनीहरू सुरक्षित हुनेछन्।



कानूनले भन्छ कि बच्चाहरूलाई दुर्व्यवहार गरिरहेको छ भने मानिसहरूले पुलिसलाई बताउन आवश्यक छ।



अष्ट्रेलियामा तपाईंले आफ्नो बच्चालाई पिट्न सक्नुहुन्न।

हिंसाको प्रयोग बिना बच्चाहरूलाई अनुशासन कसरी राख्ने सिक्न महत्त्वपूर्ण छ।



त्यहाँ मानिसहरू छन् जसले तपाईंको आफ्ना बच्चाहरूको हेरविचार गर्न मद्दत गर्न सक्नुहुनेछ:

- परिवार




- साथीहरू



- सामुदायिक केन्द्रहरू



- बाल हेरविचार सेवा




तपाईं आमाबाबु भएर बच्चा हुर्काउने बारेमा निम्न ठाउँबाट जानकारी र सल्लाह प्राप्त गर्न सक्नुहुन्छ:

- नगरपरिषदहरू




- सामाजिक कर्मचारीहरू



- सल्लाहकार



- किन्डरगार्टेन



- विद्यालयहरू



- इन्टरनेट



तपाईं पारिवारिक अध्ययनको लागि अष्ट्रेलियाली संस्था (Australian Institute of Family Studies) को वेबसाइटमा बच्चा हुर्काउने बारेमा अधिक जानकारी पाउन सक्नुहुन्छ।

www.aifs.gov.au



तपाईंको घरमा तपाईंले बच्चाहरुको हेरचाह गर्न आवश्यक छ।

यो तपाईंको जिम्मेवारी हो।



कति उमेरमा आफैं घरमा बच्चालाई एक्लै छोड्न सक्नुहुन्छ भन्ने त्यस्तो कुनै कानून छैन।



तपाईंले सुनिश्चित गर्नुपर्दछ कि तपाईंका छोराछोरी सुरक्षित छन्।

# छुरीहरु, हतियारहरु र कानून




अष्ट्रेलियामा बन्दुकहरू वा अन्य हतियार मालिकहरूको बारेमा धेरै कडा नियमहरू छन् ।




यदि तपाईं बन्दूक चाहानुहुन्छ भने तपाईंलाई इजाजतपत्र चाहिन्छ ।



मानिसहरूले चाकूलाई खतरनाक हतियारको रूपमा हेर्छन् ।
यसलाई सार्वजनिक ठाउँहरूमा लिएर जानु कानून विरुद्ध हो ।



प्रत्येक राज्य र प्रान्तमा विभिन्न नियमहरू छन् ।




तपाईं महान्यायधिवक्ता विभाग (Attorney-General's Department) को वेबसाईटमा गएर थप जानकारी पाउन सक्नुहुन्छ ।
[www.ag.gov.au](http://www.ag.gov.au)

# विवाह र कानून



अष्ट्रेलियाका मानिसहरूले विवाह गर्ने नगर्ने रोज्ने स्वतन्त्रता छ।




विवाह गर्न १८ वर्ष भन्दा बढी उमेरको हुनु आवश्यक छ।



यदि तपाईं १८ बर्ष भन्दा कम उमेरको हुनुहुन्छ भने अदालतले तपाईंले विवाह गर्न हुन्छ हुन्न निर्णय गर्छ।

तपाईंसँग एक राम्रो कारण चाहिन्छ।



एकै समयमा एक भन्दा बढी पति वा पत्नी हुनु कानूनको विरुद्धमा हो।

यसलाई भनिन्छ:

- द्विविवाह
- बहुविवाह



तपाईंले फेरि विवाह गर्न सक्नुहुन्छ यदि तपाईं:

- विधवा भएमा – तपाईंको पति वा पत्नीको मृत्यु भएको छ




- पारापाचुके भएमा – अदालतले तपाईंको विवाह विच्छेद भएको ठहर गरेको छ



एक व्यक्ति विवाहित हुनु सहमत हुनुपर्दछ।

तपाईं तिनीहरूलाई जबरजस्ती वा चलाखी गर्न सक्नुहुन्न।



अष्ट्रेलियामा यसो गर्नु कानूनको विरुद्ध हो:

- कसैलाई जबरजस्ती विवाह गराउनु



- कसैलाई जबर्जस्ती विवाहको लागि अर्को देशमा लिएर जानु वा पठाउनु



अष्ट्रेलियामा मागी (व्यवस्थित) विवाह कानुनी हुन्।




अष्ट्रेलियामा सामान्यतया दाइजो दिने चलन छैन।




तपाईं समस्यामा हुनुहुन्छ भने अष्ट्रेलियामा मद्दत गर्ने सेवाहरू छन्।

तिनीहरू तपाईंको संस्कृतिमा संवेदनशील छन्।



तपाईंले 1800Respect वेबसाइटमा थप जानकारी पाउन सक्नुहुन्छ।
www.1800respect.org.au


# यौन कृयाकलाप र कानून



अष्ट्रेलियामा तपाईं कसैसँग यौन सम्पर्क (सम्भोग) गर्नु अघि तपाईंसँग सहमति हुनु पर्छ – उनीहरूले हुन्छ भन्न आवश्यक छ।




सहमतिको उमेर सम्बन्धि प्रत्येक राज्यको आफ्नै कानुन हुन्छ – उनीहरू यौन सम्बन्ध राख्न अघि कति उमेरको हुनुपर्दछ।




अधिकांश राज्यहरूमा सहमतिको उमेर १६ वर्षको हो।




कानून पुरुष र महिला दुबैमा लागू हुन्छ।




यदि तपाईं सहमतिको उमेरका भन्दा मुनिका कुनै व्यक्तिसँग यौन सम्बन्ध राख्नु भयो भने तपाईंले धैरै कानुनी समस्या झेल्नुपर्नेछ।

# धूम्रपान र कानून



अष्ट्रेलियामा धेरै सार्वजनिक ठाउँहरूमा धूम्रपान निषेध गरिएको छ, जसमा पर्छ:



- बिमानस्थलहरु



- सरकारी कार्यालयहरू



- कार्यस्थानहरू



- किनमेल केन्द्रहरू




- रेस्टुरेन्ट र क्याफेहरू



- पबहरू, बारहरू र नाइट क्लबहरू



तपाईंले कुन क्षेत्रहरूमा धूम्रपान गर्न सक्नुहुन्न भनेर त्यहाँ चिन्हहरूले देखाउने छ।




केही राज्यहरूमा यदि तपाईंसँग बच्चाहरू कारमा छन् भने कारमा धूम्रपान गर्नु कानूनको विरुद्ध हो।




चुरोट वा तमाखुका उत्पादनहरू १८ बर्ष भन्दा कम उमेरका ब्यक्तिलाई बिक्री गर्नु कानून विरुद्ध हो।

अधिकांश राज्यहरूमा १८ बर्ष भन्दा कम उमेरका व्यक्तिलाई चुरोट वा तमाखुका उत्पादन दिनु पनि कानूनको विरुद्ध हो।



तपाईं क्विटनाउ (Quitnow) को वेबसाइट मा धूम्रपानको बारेमा अधिक जानकारी पाउन सक्नुहुन्छ।
www.quitnow.gov.au

# मद्यपान र कानून




अष्ट्रेलियामा मद्यपान (रक्सी पिउन) कानुनी हो तर यो निम्न स्थानमा मात्र हो:

- केहि स्थानहरूमा
- निश्चित समयमा



प्रायः सार्वजनिक स्थानहरूमा पेय पदार्थ पिउन वा बेच्न रोक लगाइएको छ।




रक्सी खरीद गर्न १८ भन्दा बढी उमेरको हुनुपर्दछ।




१८ वर्षभन्दा कम उमेरकालाई रक्सी बेच्नु कानून विरुद्ध हो।




तपाईंले १८ भन्दा कम उमेरकालाई रक्सी दिन रोज्न सक्नुहुन्छ, तर तपाईंको घरमा मात्र।





१८ बर्ष भन्दा सानो उमेरको मानिसले रक्सी पिउन स्वस्थ छैन।




तपाईंले स्वास्थ्य बिभाग (Department of Health) को वेबसाइटमा मद्यपान बारेमा थप जानकारी पाउन सक्नुहुन्छ
www.alcohol.gov.au

## लागू औषध र कानून




केही लागू पदार्थ वा औषधीहरू (ड्रगहरू) को प्रयोग कानुन सम्मत छ तर ति बारे नियमहरू छन् कि:

- तिनको प्रयोग कसरी गर्न सकिन्छ
- यदि तिनको बेचबिखन गर्न सकिन्छ



केही लागुपदार्थ वा औषधीहरूबारे निम्न लिखित कार्य गर्नु गैरकानुनी हुन्छ:


- प्रयोग गर्ने



- राख्ने



- रोप्ने वा उमार्ने



- बनाउने



- बेच्ने



अष्ट्रेलियामा लागुपदार्थ ल्याउनु एक गम्भीर अपराध हो।

तपाईं जेल जान सक्नुहुन्छ।



कानूनले भन्छ लागुपदार्थ सेवन गरेर तपाईं गाडी चलाउन सक्नुहुन्न।



प्रहरीले तपाईंलाई कार रोक्न लगाई तपाईंले लागुपदार्थ सेवन गर्नु भएको छ कि भनेर परीक्षण गर्न सक्छन्।



अलग-अलग राज्यमा भिन्नाभिन्नै कानुन छन्।

दण्डहरू – तपाईंलाई हुन सक्ने पनि फरक फरक छन्।



यदि तपाईंले डाक्टर द्वारा दिईएको औषधि खानु भए पछि गाडी चलाउँदै हुनुहुन्छ भने पनि सावधान रहनु पर्छ ।



तपाईंले स्वास्थ्य विभाग को वेबसाईटमा लागु पदार्थ बारेमा थप जानकारी पाउन सक्नुहुन्छ ।
[www.drugs.health.gov.au](http://www.drugs.health.gov.au)

## जालसाजी र कानून



यदि सरकारको तर्फबाट कसैले तपाईंलाई आफ्नो परिवार बारे वा तपाईंको  कमाई कति छ भन्ने बारे जानकारी माग गरेमा तपाईंले सत्य बताउनु आवश्यक हुन्छ ।

यि मध्ये निम्न लिखित छन् :

- मानव सेवा विभाग (Department of Human Services - DHS)
- अष्ट्रेलिया कर कार्यलय (Australian Taxation Office - ATO)




यदि तपाईंले यिनलाई गलत वा नमिलेको कुराहरू भन्नुहुन्छ भने सजाय हुन सक्छ ।




संभवत: तपाईंले:

- तपाईंको आय सहयोग गुमाउनु हुनेछ



- सरकारलाई पैसा फिर्ता तिर्नु पर्नेछ

## गोपनियता र कानून



तपाईंको गोपनीयताको सुरक्षा गर्न अष्ट्रेलियामा कानूनहरू छन् ।




*गोपनियता ऐन १९८८ (Privacy Act 1988)* ले सरकारी एजेन्सीहरूलाई उनीहरूले तपाईंको व्यक्तिगत जानकारी प्रति कस्तो व्यवहार गर्नुपर्छ भनेर बताउँछ ।



यसमा समावेश हुन्छ कि यो जानकारी कसरी:

- राखिन्छ



- प्रयोग गरिन्छ



- सङ्कलन गरिन्छ

धेरै संस्थाहरूले तिनले तपाईंको जानकारी के गर्छन भन्ने एक विवरण तयार पारेका हुन्छन् ।



यदि तपाईं आफ्नो जानकारी प्रयोग भएको तरिकाबारे खुशी हुनुहुन्न भने, तपाईंले ‘संघीय प्राइवेसी आयुक्तको कार्यालय’ (Office of the Federal Privacy Commissioner) मा सम्पर्क गर्न सक्नुहुन्छ ।



तपाईंको गोपनीयताको सुरक्षाको बारेमा थप जानकारी पाउनको लागी तपाईंले अष्ट्रेलियन सूचना आयुक्तको कार्यालय (Office of the Australian Information Commissioner) को वेबसाइटमा हेर्न सक्नुहुन्छ । www.oaic.gov.au

## लिगल ऐड / कानूनी सहायता



अष्ट्रेलियन सरकारको ‘लिगल ऐड’ (Legal Aid) नाम गरेको सेवा छ ।



लिगल ऐडले मानिसहरूलाई कानुनी मामिलामा सहायता गर्दछ ।




लिगल ऐडका सेवाहरू निःशुल्क हुन्छन् ।



यसका कार्यालय प्रत्येक राज्य र प्रान्तमा छन् ।



यिनले तपाईंलाई निम्न कुराहरू दिन सक्छन्:

- कानुनी सल्लाह



- सहयोग



- तपाईंको प्रतिनिधित्व गर्ने कोही ब्यक्ति--यदि तपाईं आफ्नो वकील राख्न सक्नुहुन्न भने




नजिकको लिगल ऐड केन्द्र पत्ता लगाउन तपाईंको केसवर्करले तपाईंलाई मद्दत पुर्याउन सक्छ।



लिगल ऐडको बारेमा थप जानकारी तपाईंले अष्ट्रेलिया सरकारको वेबसाइटमा पाउन सक्नुहुन्छ।

www.australia.gov.au/content/legal-aid

Australian Government
Department of Social Services

अष्ट्रेलियन सामाजिक सेवा विभागको तर्फबाट अन्तर्राष्ट्रिय आप्रवासन संगठन द्वारा प्रदान गरिएको

IOM • OIM